# नेपाल

**सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल**
**राष्ट्र प्रमुखः विद्यादेवी भण्डारी**
**सरकार प्रमुखः शेरबहादुर देउवा** (असारमा खड्गप्रसाद शर्मा ओलीलाई प्रतिस्थापन गरेका)

अभिव्यक्ति स्वतन्त्रता र गोपनीयताको अधिकारलाई सङ्कुचन गर्ने गरी ल्याइएका प्रस्तावित सङ्घीय कानुनहरू विचाराधीन अवस्थामा रहे भने प्रादेशिक सरकारहरूले प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने गरी नयाँ कानुनहरूको मस्यौदा तयार पारे। प्रदर्शनकारीहरूलाई हिरासतमा राखियो र उनीहरूलाई तितरबितर पार्नका लागि सुरक्षा बलहरूले अनावश्यक र अत्यधिक बलको प्रयोगलाई जारी राखे। वि.स. २०५२ देखि २०६२ सालसम्म चलेको द्वन्द्वका पीडितहरूलाई सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्न सरकार विफल रह्यो। स्वास्थ्यसम्बन्धी अत्यावश्यक पूर्वाधारहरूको चरम अभाव र सरकारको पर्याप्त प्रतिकार्यको अभावका बीच कोभिड-१९ को सङ्क्रमणबाट हजारौंको मृत्यु भयो। लैङ्गिक विभेद कानुनी तथा व्यवहारिक तवरले जारी रह्यो। अधिकांश जसो पीडितहरू सीमान्तकृत समुदायबाट हुने गरेका हिरासतमा भएका मृत्युका धेरै घटनाहरूमा विश्वसनीय तथा स्वतन्त्र छानबिन गर्न अधिकारीहरू विफल रहे।

## पृष्ठभूमि

सत्तारुढ दलभित्रको विवादका बीच प्रधानमन्त्री ओलीले जेठमा प्रतिनिधिसभा विघटन गरे। यसलाई 'असंवैधानिक कदम' ठहर गर्दै असारमा सर्वोच्च अदालतले विघटित प्रतिनिधिसभालाई पुनर्बहाली गरी शेरबहादुर देउवालाई नयाँ प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गर्यो।

कार्तिक महिनामा जलवायु परिवर्तनसँग जोडिएको बेमौसमी वर्षाका कारण आएको बाढी तथा पहिरोबाट १०० भन्दा बढीको मृत्यु हुनुका साथै १,१०० भन्दा बढी परिवारहरू विस्थापित भए। वर्षाले किसानहरूको जीविकालाई प्रभावित पार्नुका साथै अभिलेखमा अहिले सम्मकै सबैभन्दा धेरै ठूलो क्षति अर्थात ३,२५,००० टनभन्दा बढी धानबाली नष्ट हुँदा यसले खाद्य सुरक्षालाई जोखिममा पार्यो। सरकारले चालेको कदम र राहत सहयोग अपर्याप्त रह्यो।

## अभिव्यक्ति र भेला हुने स्वतन्त्रता

सरकारी अधिकारीहरूले पत्रकार र अन्य व्यक्तिहरूलाई स्वेच्छाचारी तवरले हिरासतमा लिनका लागि विद्युतीय कारोबार ऐन, २०६३ को प्रयोग गर्ने कार्यलाई जारी राखे। उनीहरूले खास गरी सरकार र सत्तारुढ दलका नेताहरूको आलोचना गर्नेहरूलाई लक्षित गरे।

२०७७ फाल्गुनमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सामाजिक सञ्जालका सामग्रीलाई नियमन गर्न र समाजिक सञ्जालमा पोस्ट गरिएका सामग्रीहरूलाई 'लाइक', 'शेयर' र टिप्पणी गर्ने प्रयोगकर्ताहरूको गतिविधिलाई अपराधीकरण गर्ने गरी 'सामाजिक सञ्जाल व्यवस्थापन निर्देशिका'को मस्यौदा तयार गर्यो। अभिव्यक्ति स्वतन्त्रता र गोपनियताको अधिकारलाई कुण्ठित गर्ने प्रावधानसहितका विभिन्न विधेयकहरू सङ्घीय संसदमा विचाराधीन रहे र बागमती, गण्डकी र लुम्बिनी प्रदेशका सरकारहरूले अभिव्यक्ति स्वतन्त्रता, खासगरी प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने गरी नयाँ कानुनहरूको मस्यौदा तयार पारे।

जेठ महिनामा सर्वोच्च अदालतको रजिष्ट्रारको कार्यालयले दुईजना पत्रकारहरूलाई अदालतमा बोलाई प्रधानमन्त्री केपी शर्मा ओली र प्रधानन्यायाधीश चोलेन्द्र समशेर राणाबीच भएको भनिएको बैठकका बारेमा प्रकाशित समाचारको श्रोत खुलाउन र माफी माग्न दबाब दिए।

असार महिनामा चिकित्सा शिक्षा आयोगमा राजनीतिक हस्तक्षेपको विरोधमा गरिएको शान्तिपूर्ण विरोध प्रदर्शनको क्रममा २० जना नागरिक समाजका अगुवाहरू पक्राउ परे।

बाँके जिल्लामा एक महिलाको मृत्यु र अर्को एक जना महिला बेपत्ता भएको घटनाको निष्पक्ष अनुसन्धानको माग गर्दै असोज महिनामा भएको शान्तिपूर्ण प्रदर्शनको क्रममा प्रहरीले १३ जना अभियन्ताहरूलाई हिरासतमा लियो। सर्वोच्च अदालतले रिहा गर्न आदेश दिनुअघिसम्म प्रहरीले प्रदर्शनकारीमध्येका एकजना रुबी खानलाई "बहुविवाह" को झूटो अभियोगमा हिरासतमा राखे।

असोजमै रुपन्देही जिल्लामा जबर्जस्ती निष्कासन गर्ने क्रममा सुरक्षाकर्मीले गोली चलाउँदा चार जना विरोधकर्ताहरूको मृत्यु भयो।

### सत्य, न्याय र परिपूरणको अधिकार

सन् १९९६ देखि २००६ सम्म चलेको सशस्त्र द्वन्द्वको क्रममा भएका अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराध र अन्य जघन्य मानवअधिकार उल्लङ्घनका हजारौं पीडितहरूलाई सत्य, न्याय र परिपूरण प्रदान गर्न सरकारको असफलता जारी रहयो। पीडितहरूबाट क्रमशः ६०,००० र ३,००० भन्दा बढी उजुरीहरू सङ्कलन गरेका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगले एउटा पनि उजुरीउपर अनुसन्धान गरी छिनोफानो गर्न सकेनन्। यस वर्षको अन्त्यसम्म सरकारले अझै पनि सर्वोच्च अदालतले सन् २०१४ र २०१५ मा जारी गरेको आदेशबमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मापदण्डअनुरुप संशोधन गरेको थिएन। सरकारले गत जुलाईमा यी दुवै आयोगहरूको म्याद थपेको थियो।

### स्वास्थ्यको अधिकार

सन् २०२१ को अप्रिलदेखि सुरू भएको कोभिड-१९ को दोस्रो लहरले नेपालको कमजोर स्वास्थ्य सेवा प्रणालीलाई नै धरापमा पारेको कारण सात हजारभन्दा बढीको मृत्यु भयो। खोप, चिकित्सकीय सुविधा र अक्सिजन, भेन्टिलेटर तथा अन्य जीवनरक्षक स्वास्थ्य उपकरणहरूलगायत अत्यावश्यक आपूर्तिहरूको चरम अभाव र सरकारको अपर्याप्त तयारीले अवस्थालाई झनै गम्भिर बनायो। कोभिड महामारी र सम्बन्धित प्रतिबन्धका कारण सिर्जना भएको खस्कँदो सामाजिक-आर्थिक अवस्थाबाट सीमान्तकृत समूह जस्तै दलित र दैनिक ज्याला-मजदुरी गर्नेहरूलगातका गरिबीको चपेटामा परेका व्यक्तिहरू पनि प्रभावित भए।

### यातना र अन्य दुर्व्यवहार

थुनुवाहरूबाट “स्वीकारोक्ति” प्राप्त गर्ने र उनीहरूलाई त्रसित पार्ने उद्देश्यका लागि न्यायिक सुनुवाइ पूर्वको हिरासतमा यातना र अन्य दुर्व्यवहारका घटनाहरू व्यापक रहे। यस्ता अभ्यासहरूलाई अपराधीकरण गरिएको सन् २०१७ मा जारी मुलुकी अपराध संहिताअन्तर्गत सन् २०२१ को अन्त्यसम्ममा कसैलाई पनि दोषी ठहराइएको छैन।

यस वर्ष हिरासतमा मृत्यु भएका धेरै घटनाहरू सार्वजनिक भएका थिएजसमा अधिकांश थनुवाहरू सीमान्तकृत दलित र मधेसी समुदायका थिए। यी घटनाहरूमा कुनै स्वतन्त्र अनुसन्धानहरू गरिएन।

श्रावण महिनामा प्रहरी हिरासतमा रहेका पल्टु रविदास धनुषा प्रहरी कार्यालयको शौचालयमा मृत फेला परेका थिए। भाद्रमा पल्टु रविदासको मृत्यु भएको बेला ड्युटीमा रहेका एकजना प्रहरीलाई छ महिनाको लागि निलम्वन गरियो। भाद्रमा भीम कामतको मोरङ जिल्ला प्रहरीको हिरासतमा मृत्यु भएको थियो। त्यस्तै असोज महिनामा सुनसरी प्रहरी

कार्यालयको हिरासतमा राखिएका  मोहम्मद हाकिम साह र कैलाली प्रहरी कार्यालयको हिरासतमा रहेका धनबहादुर राना मगरको पनि मृत्यु भएको थियो।

मानवअधिकार उल्लङ्घनका घटनाहरूमा जिम्मेवारहरूलाई जवाफदेही बनाउन राष्ट्रिय मानवअधिकार आयोग (आयोग) ले गरेका सिफारिसहरूलाई कार्यान्वयन गर्ने कार्यमा सरकार असफल रह्यो। श्रावणमा आयोगले गैरन्यायिक हत्याको आरोपमा अभियोजनको लागि सिफारिस गरेको एक जना प्रहरी अधिकृतलाई सरकारले पदोन्नति गरेको थियो।

## आदिवासी जनजातिहरूको अधिकार

अन्तर्राष्ट्रिय मापदण्डअनुरुप मेल नखाने 'राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९' लाई संशोधन गर्न सरकार विफल रह्यो। राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रहरूको स्थापनाका बेला आफ्नो पुर्खौली भूमिबाट निष्कासित हुन पुगेका आदिवासी जनताहरू अझै पनि भूमिहीन अवस्थामा रहे र उनीहरू हाल बसोवास गरिरहेको अनौपचारिक बस्तीहरूबाट थप जबर्जस्ती निष्कासनको जोखिममा रहेका छन्। उनीहरूलाई पुर्ख्यौली भूमिमा फर्काउन, वा उनीहरूका लागि वैकल्पिक जग्गा र जीविकोपार्जनको व्यवस्था गर्न, क्षतिपूर्ति प्रदान गर्न र संरक्षित क्षेत्रहरूमा माछा मार्न, चरन गर्न, जडिबुटी तथा दाउरा सङ्कलन गर्नका लागि उनीहरूकोपहुँच सुनिश्चित गर्न अधिकारीहरू विफल भए। करीब तीन दशक बितिसक्दा पनि गेरुवा नदीले धार परिवर्तन गरेर बर्दिया राष्ट्रिय निकुञ्जभित्र पर्न गएको आफ्नै भूमिमा किसानहरूको पहुँच स्थापना गर्न इन्कार गरिएको छ।

## लैंगिक विभेद

लैङ्गिकतामा आधारित विभेद कायम नै रह्यो र महिलाहरूलाई नागरिकताको समान अधिकारबाट वञ्चित गर्ने संवैधानिक प्रावधानहरूलाई सरकारले संबोधन गरेन। मुलुकी अपराध संहितामा व्यवस्था गरिएको बलात्कारसम्बन्धी सीमित हदम्यादको व्यवस्थाले पीडकहरूलाई दण्डहीनता प्रदान गरी नै राख्यो।

२०७७ माघ (फेब्रुअरी) मा अध्यागमन विभागले विदेश भ्रमणमा जाने ४० वर्ष भन्दा कम उमेरका महिलाहरूले आफ्नो परिवारबाट अनुमति र वडा कार्यालयबाट सिफारिस लिनुपर्ने भनी नयाँ नीति लागू गर्ने प्रस्ताव गर्यो। चौतर्फी सार्वजनिक विरोध र आलोचना पश्चात अध्यागमन विभागले प्रस्तावित व्यवस्था संभावित मानवबेचविखनलाई रोक्नका लागि सुझाइएको र सो व्यवस्था खाडी र अफ्रिकी मुलुकहरूमा पहिलो पटक एक्लै यात्रा गर्ने महिलाहरूका लागि मात्र लागू हुने भन्दै स्पष्टीकरण जारी गर्यो। उक्त नीति वर्षको अन्त्यसम्म कार्यान्वयनमा भने आएको छैन।